# एन.आई.डि.सी. डेभलपमेण्ट बैङ्क लि.

## (साविक नेपाल औद्योगिक विकास निगम लि.)

## दरवारमार्ग, काठमाण्डौ

आशयपत्रदाताहरु सूचीकृत भएको र प्रस्ताव (प्राविधिक र आर्थिक) माग बारेको सूचना

प्रकाशन मिति: २०६८/०८/१४

**(क) आशयपत्रदाताहरु सूचीकृत गरिएको सूचना:**

यस बैङ्कद्धारा मिति २०६८/६/२५ को राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना अनुसार यस बैङ्कको काठमाण्डौ तथा पोखरा कार्यालय परिसरमा व्यावसायिक एवं कार्यालय भवन निर्माण सम्वन्धी परामर्श सेवा प्रदान गर्न आशयपत्र पेश गर्न आह्वान गरिए अनुसार आशयपत्र पेश गरेकाकन्सल्टेन्सी फर्महरु मध्ये तपसील अनुसारका फर्महरु छनोट भएकोले सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

सूचीकृत भएका कन्सल्टेन्सी फर्महरुको नाम (वर्णानुक्रम अनुसार)

| S.No. | Name of Consultancy Firm | Address |
|---|---|---|
| 01. | ARNIKO DESIGNERS & PLANNERS PVT. LTD. | Gongabu, Samakhusi, Kathmandu |
| 02. | BUILDING DESIGN AUTHORITY PVT. LTD | Kamaladi, Kathmandu |
| 03. | CAGE CONSULT PVT. LTD. | Kalikasthan, Dillibazar, Kathmandu |
| 04. | DESIGN CONSULTANTS PVT. LTD. | Kopundole, Lalitpur |
| 05. | PACE CONSULTANT PVT. LTD. | Maharajgunj, Kathmandu |
| 06. | VASTUKALA PARAMARSHA NEPAL PVT. LTD. | Kopundole, Lalitpur |

**(ख) प्राविधिक र आर्थिक प्रस्ताव बारेको सूचना:**

उपरोक्त सूचीकृत कन्सल्टेन्सी फर्महरुले यस बैङ्कबाट उपलब्ध सम्वन्धित कार्यको Terms of Reference मा उल्लेखित विवरण अनुसार व्यावसायिक एवं कार्यालय भवन निर्माणको प्रथम चरण अन्तर्गत "Architecture/Structural/Electrical/Sanitary Design including the preparation of Estimates, BOQ, Specification and Procurement Documents for the Construction of Commercial Complex cum Office Building" कार्यका लागि रितपूर्वक शिलवन्दी प्राविधिक र आर्थिक प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस एन.आई.डि.सी. डेभलपमेण्ट बैङ्क लिमिटेड, दरवारमार्ग, काठमाडौंमा कार्यालय समयभित्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । यस बैङ्कद्धारा उपलव्ध गराइने Terms of Reference यस बैङ्कको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ ।

**<u>संस्थाले प्रस्ताव गर्दा पूरा गर्नुपर्ने शर्तहरु:</u>**

०१. यस बैङ्कको काठमाण्डौ तथा पोखरा कार्यालयको कार्यका लागि छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ ।

०२. प्राविधिक र आर्थिक प्रस्तावको प्रत्येक पानामा सम्वन्धित संस्थाको छाप र अख्तियारवालाको सही हुनु पर्नेछ ।

०३. संस्थाले कवोल गरेको रकम आर्थिक प्रस्तावमा स्पष्ट रुपमा अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न आएमा अक्षरलाई मान्यता दिईनेछ ।

०४. आर्थिक प्रस्तावमा कवोल गरेको रकम नियमानुसार कर बाहेक र कर सहित दुवैमा उल्लेख गर्नुपर्नेछ ।

०५. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा शिलवन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो सो स्पष्ट रुपमा उल्लेख गरी दुवै प्रस्तावलाई छुट्टै अर्को (मूल) खामभित्र राखी माग गरिएको सेवाको विषय उल्लेख गरी शिलवन्दी गरेर बुझाउनु पर्नेछ ।

०६. यस सूचनामा उल्लेख नभएका विवरणहरु Terms of Reference मा उल्लेख भए अनुसार र सोमा उल्लेख नभएका कुराहरु यस बैङ्कको नियम बमोजिम हुनेछ ।

०७. प्राविधिक प्रस्तावको साथमा संस्थाको इजाजतपत्र (नविकरण भएको), आयकर दर्ता प्रमाणपत्र, मू.अ.क. (VAT) दर्ता प्रमाणपत्रको साथै अनुभवका प्रमाण एवं आवश्यक जनशक्तिको दक्षता र योग्यता खुलेको प्रमाणपत्रहरु (इन्जिनियरिङ्ग एवं आर्किटेक्टचर पेशाका हकमा नेपाल इन्जिनियरिङ्ग काउन्सिलको प्रमाण पत्र सहित) पेश गर्नु पर्नेछ ।

०८. प्रस्ताव छनोट गर्दा गुणस्तर र लागत विधिलाई आधार लिईनेछ ।

०९. प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिले आफ्नो हालसालैको वैयक्तिक बिवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनु पर्नेछ ।

१०. प्रस्तावकले छुट्टै शर्त राख्न पाईने छैन ।

११. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१२. प्रस्ताव यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र बुझाउनु पर्नेछ । सो दिन विदा परेमा प्रस्ताव बुझाउने अन्तिम मिति त्यसको भोलिपल्ट हुनेछ ।

१३. प्रस्ताव बुझाउने अन्तिम मितिको भोलिपल्ट दिनको १२ बजे यस बैङ्कको केन्द्रिय कार्यालय, दरवारमार्गमा परामर्शदाताहरुको प्रतिनिधिको रोहवरमा प्राविधिक प्रस्ताव खोलिनेछ । प्राविधिक प्रस्तावतर्फ सफल परामर्शदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । उक्त प्रस्ताव खोल्ने मिति र समय वारे जानकारी पत्र मार्फत दिईनेछ । प्रतिनिधिको अनुपस्थितिका कारण कुनै पनि प्रकारको प्रस्ताव खोल्ने कार्य भने रोकिने छैन ।


**एन.आई.डि.सी. डेभलपमेण्ट बैङ्क लिमिटेड**
दरवारमार्ग, काठमाण्डौ
फोन नं. ४२२८३२२/४२२७२२०
Webpage: www.nidc.org.np